# छत्रेश्वरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.स. २०७६।७७

च.न.

## करारमा सेवा लिने सम्वन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७६/०९/२०**

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्र्तगत गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका ,२०७५ बमोजिम यस छत्रेश्वरी गाउँपालिकाको लागि घरधुरी सर्वेक्षण गर्न तपशिल बमोजिमको पद, देहायको संख्या र योग्यता भएका कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा दरखास्त दिन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम, दरखास्त दस्तुर , कार्य विवरण , पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयवाट वा कार्यालयको वेब साइट www.chhatreshworimun.gov.np वाट उपलब्ध हुनेछ।

**१. आवश्यक पद संख्या :**

| वि. नं. | पद | संख्या |
|---|---|---|
| ०४/०७६/७७ | सुपरीवेक्षक | १ (एक) |
| ०५/०७६/७७ | गणक | ५ ( पाँच) |

**२. छनौटको तरिका :** लिखित र अन्तरवार्ता

**३. योग्यता र अनुभव :**

**(१) सुपरिवेक्षकका लागि आवश्यक न्यूनतम योग्यता**

**(क) न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उर्त्तीण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको।

**(ख)** १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको।

**(ग)** सम्बन्धित स्थानीय तहका वासिन्दालाई प्राथमिकता दिनु पर्ने।

**(२) गणकका लागि आवश्यक न्यूनतम योग्यता :**

**(क) न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित सहित कुनै विषयमा कम्तिमा प्रमाण पत्र तह वा सो सरह उर्त्तीण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको।

**(ख)** १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको।

**(ग)** सम्बन्धित स्थानीय तहका वासिन्दालाई प्राथमिकता दिनु पर्ने।

**(४) करार अवधि :** ५ (पाँच) महिना।

**(५) आवेदन दस्तुर :** सुपरीवेक्षकको लागि रु.१०००।० र गणकका लागि रु.४००।०

**(६) दरखास्त फारम पाईने र बुझाउने स्थान :** छत्रेश्वरी गाउँ कार्यपालिकाको कार्यालय भोटेचौर ,सल्यान।

**(७) मासिक पारिश्रमिक तथा अन्य सुविधा :** भूमि व्यवस्था ,सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस कार्यक्रमका लागि निर्धारण गरे बमोजिम।

**(८) कार्यक्षेत्र :** छत्रेश्वरी गाउँपालिका ,सल्यान।

**(९)** थप जानकारीका लागि कार्यालय वा ९८५७८४४१२ मा सर्म्पक गर्न सकिनेछ।

**(१०) सम्पर्क मिति :** मिति २०७६/१०/०६ गते छत्रेश्वरी गाउँपालिका ,भोटेचौर,सलयान।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत